मिति: २०८३/०३/२९

मानिनीय श्री विपिन कुमार आचार्य ज्यू
महामन्त्री एव ंप्रतिनिधि सभा सदस्य
राष्ट्रिय स्वतन्त्र पार्टी
काठमाडौं, नेपाल ।

*विषय : "शैक्षिक परामर्श, भाषा शिक्षण तथा तयारी कक्षा (सञ्चालन तथा व्यवस्थापन) नियमावली, २०८३" का अव्यबहारिक एवं अनुपयुक्त प्रावधानहरु संशोधनका लागि राजनीतिक तथा नीतिगत नेतृत्व प्रदान गरिदिन हुन अनुरोध सम्बन्धमा ।*

**माननीय सभापतिज्यू,**

हामि १४ वटा शैक्षिक परामर्श ब्यवसायी संघहरु नेपालभर कानुनबमोजिम स्वीकृति प्राप्त गरी सञ्चालनमा रहेका शैक्षिक परामर्श व्यवसायीहरूको प्रतिनिधित्व गर्ने देशकै पुरानो र धेरै परामर्श ब्यवशायीहरु आवद्द रहेका राष्ट्रिय, गैरनाफामूलक, जिम्मेवार तथा स्थापित छाता संस्थाहरु हो । परामर्श क्षेत्रलाई मर्यादित, व्यवस्थित, पारदर्शी, उत्तरदायी र विद्यार्थीमैत्री बनाउन सरकार तथा सम्बन्धित निकायसँग निरन्तर सहकार्य गर्दै आएको संघहरुको तर्फबाट हजुर प्रति हार्दिक सम्मान एवं शुभेच्छा व्यक्त गर्दै प्रस्तुत विषयमा आवश्यक राजनीतिक, सरकारी तथा नीतिगत पहल गरी नियमावली संसोधनका लागि यो अनुरोधपत्र पेस गरेका छौँ ।

माननीयज्यूको नेतृत्वमा राष्ट्रिय स्वतन्त्र पार्टीले सुशासन, नीतिगत सुधार, प्रशासनिक सरलीकरण, प्रविधिमैत्री सार्वजनिक सेवा, रोजगारी सिर्जना, लगानी संरक्षण तथा नागरिक मैत्री शासन व्यवस्थालाई प्रमुख प्राथमिकताका रूपमा अगाडि बढाउँदै आएकोप्रति हामी ब्यवशायीहरु आशावादी छौँ ।

राष्ट्रिय स्वतन्त्र पार्टीले सरकारको नेतृत्व गरिरहेको वर्तमान अवस्थामा यहाँको राजनीतिक नेतृत्व, पार्टीको संसदीय भूमिका तथा सरकारसँगको प्रत्यक्ष समन्वयबाट प्रस्तुत नियमावलीका अव्यावहारिक प्रावधानहरू संशोधन हुने अपेक्षासहित यो विषय यहाँसमक्ष राखेका छौँ ।

माननीयज्यू आफैँले वैदेशिक बसाइ, नेपाली डायस्पोराको जीवन, उनीहरूको सङ्घर्ष, सीप, ज्ञान, अनुभव तथा नेपालको आर्थिक-सामाजिक विकासमा उनीहरूले पुर्याउँदै आएको योगदानलाई नजिकबाट बुझ्नुभएको छ । विदेशमा अध्ययन, सीप आर्जन तथा व्यावसायिक अनुभव हासिल गरेका नेपालीले स्वदेशमा ज्ञान, प्रविधि, लगानी, रोजगारी, उद्यमशीलता, विप्रेषण तथा अन्तर्राष्ट्रिय सम्पर्क विस्तारमा महत्वपूर्ण योगदान पुर्याउँदै आएका छन् ।

शैक्षिक परामर्श क्षेत्रले नेपाली विद्याथीलाई सुरक्षित, कानुनी, सूचनामूलक र व्यवस्थित रूपमा अन्तर्राष्ट्रिय शिक्षा, सीप, अनुसन्धान, नवप्रवर्तन तथा विश्वव्यापी अवसरसँग जोड्ने महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ । त्यसैले यस क्षेत्रको सुधार र नियमन आवश्यक भए पनि नियमनका नाममा

वैधानिक व्यवसायलाई कमजोर बनाउने, निजी लगानी निरुत्साहित गर्ने र अनधिकृत गतिविधिलाई अप्रत्यक्ष रूपमा प्रोत्साहन गर्ने अवस्था सिर्जना हुनु हुँदैन ।

हाल नेपाल सरकार, शिक्षा तथा खेलकुद मन्त्रालयबाट जारी गरिएको “शैक्षिक परामर्श, भाषा शिक्षण तथा तयारी कक्षा (सञ्चालन तथा व्यवस्थापन) नियमावली, २०८३” का विभिन्न प्रावधानले वैधानिक रूपमा सञ्चालन भइरहेका शैक्षिक परामर्श संस्था, निजी लगानी, रोजगारी सिर्जना, सेवा प्रवाह तथा समग्र व्यावसायिक वातावरणमा गम्भीर र दीर्घकालीन असर पार्न गई व्यवशाय नै बन्द गर्नुपर्ने अवस्था सिर्जना गरेको छ ।

**उक्त नियमावली निर्माण तथा जारी गर्ने प्रक्रियामा जसका लागी नियमावली बनाईएको हो सो क्षेत्रका प्रतिनिधिमूलक संघ-संस्था तथा प्रत्यक्ष सरोकारवालासँग प्रभावकारी र अर्थपूर्ण छलफल नै नगरी दिईएका सुझाव एवं अनुरोधहरुलाई पूरै वेवास्ता गरीएकोप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ ।**

नियमावलीमा समावेश गरिएका धेरै नियमहरु अव्यावहारिक, अस्पष्ट, नियन्त्रणमुखी तथा कार्यान्वयन गर्न कठिन भई दशकौ वैधानिक रूपमा सञ्चालन भइरहेका व्यवसायीहरुलाई निरुत्साहित गर्ने तथा अनधिकृत, अव्यवस्थित र गैरजिम्मेवार गतिविधिलाई प्रोत्साहन गर्ने जोखिम समेत देखिएको छ ।

माननीयज्यूको गम्भीर ध्यानाकर्षण तथा आवश्यक पहलका लागि हाम्रा प्रमुख सरोकारहरू निम्नानुसार प्रस्तुत गर्दछौं:

## १) अव्यावहारिक धरौटी व्यवस्था

व्यवसायको प्रकृति, कारोबारको आकार, संस्थागत क्षमता तथा सम्भावित जोखिमको वैज्ञानिक मूल्याङ्कन नै नगरी हाम्रो क्षेत्रमा राखिएको धरौटी व्यवस्थाले विशेषगरी साना तथा मध्यम लगानीका व्यवसायी विस्थापित हुने अवस्था सिर्जना गर्दछ । यस्तो व्यवस्थाले नयाँ लगानीकर्तालाई व्यवसायमा प्रवेश गर्न निरुत्साहित गर्नुका साथै लामो समयदेखि कानुनबमोजिम व्यवसाय सञ्चालन गरिरहेका संस्थामाथि समेत अनावश्यक आर्थिक भार थप्नेछ ।

विद्यार्थीको आर्थिक तथा शैक्षिक सुरक्षाका लागि धरौटीको सट्टा प्रभावकारी बीमा प्रणाली, व्यावसायिक दायित्व बीमा, विद्याथी सुरक्षा कोष वा जोखिमका आधारमा तय गरिएको अन्य व्यावहारिक वैकल्पीक व्यवस्था लागू गरिनुपर्दछ । व्यवसायीको ठूलो रकम लामो समयसम्म निष्क्रिय रूपमा धरौटीमा राख्न बाध्य बनाउनु लगानी, रोजगारी विस्तार, कर्मचारी विकास, प्रविधि तथा सेवाको गुणस्तर सुधारका दृष्टिले समेत उपयुक्त हुँदैन ।

## २) जटिल तथा दोहोरो प्रशासनिक प्रक्रिया

एउटै प्रकृतिको व्यवसाय सञ्चालनका लागि स्थानिय सरकार, संघ, प्रदेश तथा विभिन्न निकायबाट पटक-पटक स्वीकृति, नवीकरण तथा प्रशासनिक प्रक्रिया पूरा गर्नुपर्ने व्यवस्थाले अनावश्यक झन्झट, दोहोरोपन, समयको खर्च तथा अतिरिक्त आर्थिक भार सिर्जना गरेको छ । व्यवसायीले एउटै प्रकृतिका विवरण र कागजात विभिन्न निकायमा पटक-पटक बुझाउनुपर्ने अवस्थाको अन्त्य गरिनुपर्दछ ।

संघीयताको मर्मअनुसार सम्बन्धित तहको अधिकारक्षेत्र स्पष्ट गर्दै सरल, पारदशी, प्रविधिमैत्री तथा प्रभावकारी एकद्वार प्रणाली लागू गरिनुपर्दछ । सरकारले डिजिटल सुशासन र सार्वजनिक सेवा सरलीकरणलाई प्राथमिकतामा राखिरहेको अवस्थामा शैक्षिक परामर्श क्षेत्रलाई थप कागजी, जटिल र दोहोरो प्रक्रियामा लैजानु सरकारकै घोषित नीतिविपरीत हुनेछ ।

### ३) अस्पष्ट कानुनी व्यवस्था तथा कार्यान्वयनको जोखिम

नियमावलीका कतिपय प्रावधान अस्पष्ट, दोहोरो अर्थ लाग्ने तथा कार्यान्वयन गर्ने अधिकारीको व्यक्तिगत व्याख्यामा निर्भर रहने प्रकृतिका छन् । यस्ता प्रावधानले कार्यान्वयनका क्रममा स्वेच्छाचारी निर्णय, प्रशासनिक जटिलता, व्यवसायीमाथि असमान व्यवहार, अनावश्यक दण्डात्मक कारबाही तथा भ्रष्टाचारको जोखिम समेत बढ्ने देखिन्छ । तसर्थ, कानुनी प्रावधानहरू स्पष्ट, वस्तुगत, पारदर्शी, पूर्वानुमानयोग्य र सबै व्यवसायीमाथि समान रूपमा कार्यान्वयन हुने गरी संशोधन गरिनुपर्दछ ।

नियमावलीका विवादास्पद तथा अव्यावहारिक प्रावधानहरूको पुनरावलोकनका लागि शिक्षा तथा खेलकुद मन्त्रालयबाट प्रत्यक्ष सरोकारवाला संघ-संस्था, कानुनविद्, विद्यार्थी प्रतिनिधि तथा व्यवसायीहरूसँग यथाशीघ्र अर्थपूर्ण, औपचारिक र परिणाममुखी छलफल गरिनुपर्छ ।

### ४) अव्यावहारिक वर्गीकरण तथा ग्रेडिङ व्यवस्था

शैक्षिक परामर्श संस्थाहरूको अव्यावहारिक वगीकरण वा ग्रेडिङ गर्ने व्यवस्थाले सेवाको वास्तविक गुणस्तर, व्यावसायिक अनुभव, संस्थागत उत्तरदायित्व, विद्यार्थी सुरक्षा र सेवाग्राहीको सन्तुष्टिभन्दा आर्थिक तथा भौतिक क्षमतालाई प्राथमिकता दिने जोखिम रहेको छ । ठूलो कार्यालय, महँगो पूर्वाधार वा उच्च आर्थिक क्षमता मात्र सेवाको गुणस्तरको प्रमाण हुन सक्दैन । यस्तो व्यवस्थाले व्यवसायीहरूबीच असमानता र विभेद सिर्जना गर्नुका साथै साना तथा मध्यम व्यवसायलाई प्रतिस्पर्धाबाट विस्थापित हुन पुग्छन् ।

तसर्थ, संस्थागत ग्रेडिङसम्बन्धी व्यवस्था हटाइनुपर्दछ वा सरोकारवालासँगको विस्तृत परामर्शका आधारमा गुणस्तर, अनुपालन, पारदर्शिता, विद्याथी सन्तुष्टि तथा संस्थागत उत्तरदायित्वलाई आधार बनाउने गरी पुनरावलोकन गरिनुपर्दछ ।

### ५) अनधिकृत फ्रिलान्सर, एजेन्ट, EdTech तथा गैरकानुनी गतिविधिको नियन्त्रण

कानुनबमोजिम दर्ता, स्वीकृति र नवीकरण गरी सञ्चालन भइरहेका संस्थालाई थप आर्थिक तथा प्रशासनिक भार थप्नेभन्दा अनधिकृत रूपमा सञ्चालन भइरहेका फ्रिलान्सर, एजेन्ट, बिचौलिया तथा अनलाइन र सामाजिक सञ्जालमार्फत हुने अवैध शैक्षिक परामर्श गतिविधिलाई प्रभावकारी रूपमा नियन्त्रण गर्नु आवश्यक छ ।

कार्यालय, स्वीकृति, कर दर्ता, कर्मचारी, आवश्यक पूर्वाधार तथा नियमित नवीकरणबिना सञ्चालन भइरहेका व्यक्ति वा समूहबाट विद्याथी ठगी, गलत सूचना प्रवाह, अनधिकृत शुल्क असुली तथा

आर्थिक जोखिम बढिरहेको अवस्थामा वैधानिक संस्थामाथि मात्र कठोर नियम लागू गर्नु न्यायोचित हुँदैन ।

अनलाइन प्लेटफर्म तथा भ्मत्भअज का नाममा शैक्षिक परामर्श सेवा प्रदान गर्ने संस्था वा व्यक्तिलाई समेत कानुनको समान दायराभित्र ल्याई स्पष्ट दर्ता, स्वीकृति, उत्तरदायित्व, कर तथा अनुगमनको व्यवस्था गरिनुपर्दछ । सामाजिक सञ्जालमार्फत विद्यार्थी भर्ना गर्ने, रकम उठाउने वा विदेशी शिक्षण संस्थाको एजेन्टका रूपमा काम गर्ने सबै व्यक्ति तथा संस्थाको पहिचान र कारोबार पारदर्शी बनाइनु पर्दछ ।

## ६) व्यावहारिक तथा दीर्घकालीन नवीकरण व्यवस्था

स्वीकृत शैक्षिक परामर्श संस्थाहरूको नवीकरण अवधि व्यावहारिक, स्थिर र लगानीमैत्री बनाउन कम्तीमा पाँच वर्ष कायम गरिनुपर्दछ । कानुन, कर, सामाजिक सुरक्षा तथा अन्य तोकिएका मापदण्ड नियमित रूपमा पालना गरिरहेका संस्थालाई प्रत्येक वर्ष जटिल प्रशासनिक प्रक्रियामा संलग्न गराउनु व्यावहारिक र व्यवसाय मैत्री नियम होईन । व्यवसायीले नियमित रूपमा दर्ता तथा नवीकरण शुल्क बुझाउने तर त्यसअनुसार स्थिर, सहज र स्पष्ट व्यवसाय सञ्चालनको वातावरण प्राप्त नगर्ने अवस्था हुनु हुँदैन ।

नियमित अनुपालनसम्बन्धी विवरण अनलाइन प्रणालीबाट वार्षिक रूपमा अद्यावधिक गराउने तर मूल इजाजतपत्र कम्तीमा पाँच वर्षका लागि नवीकरण गर्ने व्यवस्था लागू गर्न सकिन्छ ।

## ७) अव्यावहारिक भवन तथा भौतिक पूर्वाधार मापदण्ड

नियमावलीमा व्यवस्था गरिएको भवन तथा भौतिक पूर्वाधारसम्बन्धी मापदण्ड वर्तमान नेपाली सामाजिक, आर्थिक तथा भौतिक अवस्थासँग मेल नखाने र निजी क्षेत्रले व्यावहारिक रूपमा पूरा गर्न अत्यन्त कठिन हुने प्रकृतिको देखिएको छ । हाल मुलुकका धेरै सरकारी कार्यालय तथा सार्वजनिक निकायसमेत प्रस्तावित वा तोकिएका यस्ता भवन तथा पूर्वाधार मापदण्डअनुरूप सञ्चालन हुन नसकेको यथार्थ रहेको छ ।

सरकारी निकायले समेत पूर्ण रूपमा पालना गर्न नसकेको मापदण्ड निजी क्षेत्रलाई मात्र अनिवार्य गर्नु न्यायोचित, समान र कार्यान्वयनयोग्य हुन सक्दैन । शैक्षिक परामर्श संस्था मुख्यतः कार्यालयमा आधारित सेवा व्यवसाय भएकाले यसको भवन मापदण्डलाई विद्यालय, कलेज, आवासीय संस्था वा ठूलो सङ्ख्यामा सेवाग्राही एकैपटक रहने संस्थासँग तुलना गर्नु उपयुक्त हुँदैन ।

तसर्थ, व्यवसायको प्रकृति, सेवाग्राहीको सुरक्षा, कार्यालयको वास्तविक आवश्यकता, सेवाग्राहीको पहुँच तथा नेपालको विद्यमान पूर्वाधार अवस्थालाई आधार मानी भवनसम्बन्धी मापदण्डलाई सरल, स्पष्ट, चरणबद्ध र व्यावहारिक बनाउन पर्दछ ।

## ८) शैक्षिक मेला तथा सूचना कार्यक्रम सञ्चालनमा प्रस्तावित रोक

कानुनबमोजिम स्वीकृति तथा इजाजतपत्र प्राप्त शैक्षिक परामर्श संस्थाहरूलाई शैक्षिक मेला, सूचना दिवस तथा विश्वविद्यालय एवं शिक्षण संस्थासँग सम्बन्धित जानकारीमूलक कार्यक्रम सञ्चालन गर्न नपाउने व्यवस्था लागू गर्न खोजिएको विषयप्रति हाम्रो गम्भीर आपत्ति रहेको छ ।

शैक्षिक मेला तथा सूचना कार्यक्रम विद्यार्थी र अभिभावकले विभिन्न देश, विश्वविद्यालय, शिक्षण संस्था, पाठ्यक्रम, छात्रवृत्ति, प्रवेश मापदण्ड, अध्ययन खर्च, भिसा प्रक्रिया तथा भविष्यका अवसरबारे प्रत्यक्ष र तुलनात्मक जानकारी प्राप्त गर्ने महत्त्वपूर्ण माध्यम हुन् । यस्ता कार्यक्रम प्रतिबन्धित हुँदा विद्यार्थी भरपर्दो, आधिकारिक र समयसापेक्ष सूचना प्राप्त गर्ने अवसरबाट वञ्चित हुनेछन्। यसले विद्यार्थीलाई अनधिकृत एजेन्ट, सामाजिक सञ्जालमा फैलाइएका अपुष्ट सूचना तथा गैरजिम्मेवार बिचौलियामाथि निर्भर हुन बाध्य बनाउन सक्छ । राज्यबाट इजाजतपत्र प्राप्त, नियमित कर तिर्ने तथा दर्ता र नवीकरण शुल्क बुझाउने संस्थालाई आफ्नो स्वीकृत व्यवसायसँग प्रत्यक्ष सम्बन्धित जानकारीमूलक कार्यक्रम सञ्चालन गर्न नदिने हो भने ती संस्थाले इजाजतपत्र, दर्ता तथा नवीकरण शुल्क केका लागि तिर्ने भन्ने गम्भीर प्रश्न उठ्छ ।

सरकारले वैधानिक संस्थालाई जिम्मेवार, पारदर्शी र तोकिएको मापदण्डभित्र रहेर शैक्षिक मेला तथा सूचना कार्यक्रम सञ्चालन गर्न सहजीकरण गर्नुपर्दछ । पूर्ण प्रतिबन्ध लगाउनुको सट्टा पूर्वस्वीकृति, स्पष्ट आचारसंहिता, पारर्दशी सूचना, सहभागी संस्थाको आधिकारिकता, विद्यार्थी विवरणको सुरक्षा तथा प्रभावकारी अनुगमनका आधारमा कार्यक्रम सञ्चालन गर्न पाउने व्यवस्था गरिनुपर्दछ ।

**९) सरकारी स्वीकृति र सम्पूर्ण कानुनी प्रक्रिया पूरा गरी विद्यार्थी विदेश अध्ययनमा जाने व्यवस्था**

विदेश अध्ययनका लागि जाने नेपाली विद्यार्थीहरूले नेपाल सरकारको सम्बन्धित निकायबाट वैदेशिक अध्ययन अनुमति पत्र अर्थात No Objection Certificate–NOC प्राप्त गर्नुपर्ने अनिवार्य व्यवस्था रहेको छ ।

विद्यार्थीहरूले शैक्षिक संस्था तथा अध्ययन कार्यक्रमको छनोट, शैक्षिक शुल्क भुक्तानी, विदेशी मुद्रा सटही, बैंकिङ कारोबार, भिसा प्रक्रिया, अध्यागमन तथा गन्तव्य मुलुकका कानुनी प्रक्रियासहित नेपाल सरकारद्वारा निर्धारित सम्पूर्ण नियम, मापदण्ड र प्रक्रिया पूरा गरेर मात्र विदेश अध्ययनका लागि जाने गरेका छन् ।

यसरी विद्यार्थीको अध्ययन संस्था, पाठ्यक्रम, गन्तव्य मुलुक, शुल्क भुक्तानी तथा अन्य आवश्यक विवरण सरकारी प्रणालीमार्फत अभिलेखीकरण, परीक्षण र स्वीकृत हुने भएकाले विदेश अध्ययन प्रक्रिया राज्यको जानकारी, अनुगमन र नियमनभन्दा बाहिर रहेको अवस्था छैन ।

शैक्षिक परामर्श संस्थाले विद्यार्थीलाई जानकारी प्रदान गर्ने, आवश्यक कागजात तयारीमा सहजीकरण गर्ने, आधिकारिक शिक्षण संस्थासँग समन्वय गर्ने तथा सरकारी प्रक्रिया पूरा गर्न सहयोग गर्ने भूमिका निर्वाह गर्दै आएका छन् ।

अन्तिम स्वीकृति, NOC, विदेशी मुद्रा सटही, भिसा तथा अध्यागमनसम्बन्धी निर्णय सम्बन्धित सरकारी तथा आधिकारिक निकायबाट नै हुने गर्दछ ।

तसर्थ, वैधानिक रूपमा इजाजतपत्र प्राप्त शैक्षिक परामर्श संस्थामाथि थप अव्यावहारिक नियन्त्रण, प्रतिबन्ध तथा प्रशासनिक भार लगाउनुको सट्टा विद्यमान ल्इक्ष्ट प्रणालीलाई थप प्रभावकारी, प्रविधिमैत्री, पारदशी र दुरुपयोगरहित बनाइनुपर्दछ । शैक्षिक परामर्श संस्था, विद्यार्थी, बैंक तथा वित्तीय संस्था, विदेशी शिक्षण संस्था र सरकारी निकायबीच आवश्यक सूचना आदानप्रदान हुने एकीकृत डिजिटल प्रणाली विकास गरी विद्यार्थी सुरक्षा, वित्तीय पारदर्शिता, आधिकारिकता तथा कानुनी अनुपालन सुनिश्चित गरिनुपर्दछ ।

सरकारबाट NOC प्राप्त गरी सम्पूर्ण कानुनी प्रक्रिया पूरा गरेर विदेश अध्ययनमा जाने विद्यार्थीलाई आवश्यक सूचना प्रदान गर्ने तथा प्रक्रिया सहजीकरण गर्ने इजाजतपत्र प्राप्त संस्थामाथि अनावश्यक प्रतिबन्ध लगाउनु औचित्यपूर्ण हुँदैन। बरु, वैधानिक संस्थालाई जिम्मेवार र उत्तरदायी बनाउँदै अनधिकृत व्यक्ति, बिचौलिया तथा गैरकानुनी कारोबारलाई प्रभावकारी रूपमा नियन्त्रण गर्ने नीति अवलम्बन गरिनुपर्दछ ।

### शैक्षिक परामर्श क्षेत्रको आर्थिक तथा सामाजिक योगदान

शैक्षिक परामर्श क्षेत्रले नेपालमा हजारौं व्यक्तिलाई प्रत्यक्ष तथा अप्रत्यक्ष रोजगारी प्रदान गर्दै आएको छ । यस क्षेत्रले कार्यालय भाडा, कर्मचारी पारिश्रमिक, कर, सामाजिक सुरक्षा, विज्ञापन, सूचना प्रविधि, तालिम, बैंकिङ, बीमा, कानुनी सेवा, लेखापरीक्षण तथा अन्य सहायक सेवामार्फत राष्ट्रिय अर्थतन्त्रमा महत्त्वपूर्ण योगदान पुर्‍याउँदै आएको छ । यस क्षेत्रले राज्यलाई उल्लेखनीय राजस्व प्रदान गर्नुका साथै नेपाली विद्यार्थीलाई अन्तर्राष्ट्रिय शिक्षा, ज्ञान, सीप, अनुसन्धान, प्रविधि तथा विश्वव्यापी अवसरसँग जोड्दै नेपालको मानव पूँजी विकासमा महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ । विदेशमा अध्ययन गरेर फर्किएका तथा विश्वका विभिन्न मुलुकमा स्थापित नेपालीले हासिल गरेको ज्ञान, सीप, प्रविधि, व्यावसायिक अनुभव र अन्तर्राष्ट्रिय सञ्जाललाई नेपालको विकासमा उपयोग गर्ने वातावरण निर्माण गर्नु राज्यको प्राथमिकता हुनुपर्दछ ।

**शैक्षिक परामर्श क्षेत्रलाई केवल विद्यार्थी विदेश पठाउने व्यवसायका रूपमा नभई नेपाललाई अन्तर्राष्ट्रिय ज्ञान, शिक्षा, प्रविधि, सीप तथा डायस्पोरासँग जोड्ने महत्त्वपूर्ण सेवा क्षेत्रका रूपमा बुझिनुपर्दछ** ।

## हामी संघहरुको प्रष्ट धारणा

### हामी नियमनको विरोधमा होईनौ/छैनौं ।

गुणस्तरीय, पारदशी, उत्तरदायी, मर्यादित र विद्यार्थीमैत्री शैक्षिक परामर्श क्षेत्र निर्माण गर्ने उद्देश्यप्रति हामि पूर्ण प्रतिबद्ध छ । विद्यार्थी ठगी, गलत सूचना, अनधिकृत शुल्क असुली, गैरकानुनी कारोबार तथा गैरजिम्मेवार व्यावसायिक अभ्यास नियन्त्रण गर्न कडा र प्रभावकारी कानुनी व्यवस्था हुनुपर्दछ भन्नेमा हामी स्पष्ट छौं ।

तथापि, नियमनका नाममा वैधानिक निजी व्यवसायलाई कमजोर बनाउने, लगानीलाई निरुत्साहित गर्ने, रोजगारी कटौती गर्ने, साना तथा मध्यम व्यवसाय विस्थापित गर्ने तथा अनधिकृत गतिविधिलाई बढावा दिने व्यवस्थाहरू पुनरावलोकन हुन आवश्यक छ । नियमन समस्याको समाधानका लागि हुनुपर्दछ, वैधानिक व्यवसायीका लागि नयाँ समस्या सिर्जना गर्ने माध्यम बन्नु हुँदैन ।

## माननीयज्यू समक्ष हाम्रो विशेष अनुरोध

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति, प्रतिनिधि सभा सदस्य तथा सरकारको नेतृत्व गरिरहेको प्रमुख राजनीतिक दलको नेतृत्वकर्ताका हैसियतले माननीयज्यूबाट देहायबमोजिमको पहल गरिदिनुहुन हार्दिक अनुरोध गर्दछौँ ।

१) नियमावलीका विवादास्पद, अव्यावहारिक तथा निजी क्षेत्रलाई प्रतिकूल असर पार्ने प्रावधानहरूको कार्यान्वयन तत्काल पुनरावलोकन गर्न शिक्षा तथा खेलकुद मन्त्रालय र नेपाल सरकारलाई आवश्यक निर्देशन तथा सुझाव प्रदान गर्ने ।

२) शिक्षा तथा खेलकुद मन्त्रालय, प्रत्यक्ष सरोकारवाला संघ-संस्था, विद्यार्थी प्रतिनिधि, कानुनविद् तथा सम्बन्धित विज्ञहरूबीच अर्थपूर्ण, औपचारिक र परिणाममुखी उच्चस्तरीय छलफलको व्यवस्था मिलाउने ।

३) अव्यावहारिक धरौटी व्यवस्थाको सट्टा बीमा, व्यावसायिक दायित्व बीमा वा अन्य वैज्ञानिक र व्यावहारिक विद्यार्थी सुरक्षा प्रणाली लागू गर्न पहल गर्ने ।

४) संघ, प्रदेश तथा विभिन्न सरकारी निकायबाट हुने जटिल र दोहोरो प्रशासनिक प्रक्रिया अन्त्य गरी स्पष्ट अधिकारक्षेत्रसहितको प्रविधिमैत्री एकद्वार प्रणाली लागू गर्न पहल गर्ने ।

५) अस्पष्ट, दोहोरो अर्थ लाग्ने तथा व्यक्तिगत व्याख्यामा निर्भर कानुनी प्रावधानहरू स्पष्ट, वस्तुगत, पारदर्शी र पूर्वानुमानयोग्य बनाउने गरी नियमावली संशोधन गर्न पहल गर्ने ।

६) अव्यावहारिक वर्गीकरण तथा ग्रेडिङ व्यवस्था हटाउन वा सरोकारवालासँगको विस्तृत परामर्शका आधारमा पुनरावलोकन गर्न पहल गर्ने ।

७) अव्यावहारिक भवन तथा भौतिक पूर्वाधारसम्बन्धी मापदण्डलाई व्यवसायको प्रकृति र नेपालको वर्तमान अवस्थाअनुकूल सरल, स्पष्ट, चरणबद्ध तथा कार्यान्वयनयोग्य बनाउन पहल गर्ने ।

८) स्वीकृत शैक्षिक परामर्श संस्थाको नवीकरण अवधि कम्तीमा पाँच वर्ष कायम गरी वार्षिक विवरण तथा अनुपालन प्रक्रिया डिजिटल प्रणालीबाट अद्यावधिक गर्ने व्यवस्था गर्न पहल गर्ने ।

९) इजाजतपत्र प्राप्त शैक्षिक परामर्श संस्थाहरूलाई स्पष्ट मापदण्ड, आचारसंहिता र सरकारी अनुगमनभित्र रही शैक्षिक मेला, सूचना दिवस तथा विश्वविद्यालयसम्बन्धी जानकारीमूलक कार्यक्रम सञ्चालन गर्न पाउने व्यवस्था सुनिश्चित गर्ने ।

१०) अनधिकृत फ्रिलान्सर, एजेन्ट, बिचौलिया तथा अनलाइन वा EdTech का नाममा हुने गैरकानुनी शैक्षिक परामर्श गतिविधिलाई नियन्त्रण गरी सबै सेवा प्रदायकलाई समान कानुनी दायरामा ल्याउने ।

११) सामाजिक सञ्जालमार्फत हुने अनधिकृत विद्यार्थी भर्ना, आर्थिक कारोबार तथा गलत सूचना प्रवाह नियन्त्रण गर्न दर्ता, पहिचान, कर तथा अनुगमनसम्बन्धी स्पष्ट व्यवस्था गर्ने ।

१२) विदेश अध्ययनका लागि विद्यार्थीले अनिवार्य रूपमा सरकारी स्वीकृति अर्थात NOC प्राप्त गर्ने तथा बैंकिङ, विदेशी मुद्रा सटही, भिसा, अध्यागमन र अन्य सम्पूर्ण कानुनी प्रक्रिया पालना गर्ने विद्यमान व्यवस्थालाई थप प्रभावकारी, पारदर्शी र प्रविधिमैत्री बनाउने ।

१३) शैक्षिक परामर्श संस्था, विद्यार्थी, बैंक तथा वित्तीय संस्था, विदेशी शिक्षण संस्था र सरकारी निकायबीच आवश्यक सूचना आदानप्रदान हुने एकीकृत डिजिटल प्रणाली विकास गर्न पहल गर्ने ।

१४) सरकारी स्वीकृति र कानुनी प्रक्रिया पूरा गरी सञ्चालन हुने विदेश अध्ययन प्रक्रियामा सहजीकरण गरिरहेका इजाजतपत्र प्राप्त परामर्श संस्थामाथि अनावश्यक प्रतिबन्ध तथा दोहोरो प्रशासनिक भार नलगाउन पहल गर्ने ।

१५) विद्यार्थी सुरक्षा, सूचनामा सहज पहुँच, निजी लगानी संरक्षण, रोजगारी, राजस्व तथा सेवाको गुणस्तरलाई समान रूपमा सम्बोधन गर्ने सन्तुलित र कार्यान्वयनयोग्य नियमावली निर्माणमा राजनीतिक तथा नीतिगत नेतृत्व प्रदान गर्ने ।

१६) शैक्षिक परामर्श क्षेत्रलाई नेपालको महत्त्वपूर्ण निजी सेवा क्षेत्र तथा अन्तर्राष्ट्रिय शिक्षा र नेपाली डायस्पोरासँग जोड्ने माध्यमका रूपमा स्वीकार गरी यसको संस्थागत, व्यवस्थित र दिगो विकासका लागि संरक्षणात्मक तथा व्यवसायमैत्री नीति निर्माण गर्न सरकारसँग पहल गर्ने ।

**माननीय सभापतिज्यू,**

राष्ट्रिय स्वतन्त्र पार्टीले परम्परागत प्रशासनिक जटिलताको अन्त्य, एकद्वार सेवा, डिजिटल सुशासन, रोजगारी सिर्जना, निजी क्षेत्रको विश्वास र नतिजामुखी शासनको प्रतिबद्धता व्यक्त गर्दै आएको सन्दर्भमा प्रस्तुत विषय पार्टीको नीति र प्राथमिकतासँग समेत प्रत्यक्ष रूपमा सम्बन्धित रहेको हाम्रो बुझाइ छ । हजुरले वैदेशिक बसाइ तथा नेपाली डायस्पोराको योगदानलाई नजिकबाट अनुभव गर्नुभएको र विदेशमा अध्ययन तथा सीप आर्जन गरेका नेपालीको सम्भावनालाई बुझ्नुभएको कारण यस क्षेत्रका व्यावहारिक समस्या, विद्यार्थीका आवश्यकता तथा अन्तर्राष्ट्रिय शिक्षाको महत्वलाई सकारात्मक रूपमा सम्बोधन गर्नुहुने विश्वास लिएका छौं ।

तसर्थ, प्रस्तुत नियमावलीका कारण उत्पन्न समस्या समाधानका लागि माननीयज्यूको नेतृत्वमा शिक्षा तथा खेलकुद मन्त्रालय, नेपाल सरकार र सम्बन्धित निकायलाई आवश्यक राजनीतिक निर्देशन, समन्वय तथा नीतिगत सहजीकरण प्रदान गरिदिनुहुन हार्दिक अनुरोध गर्दछौं ।

यस विषयमा माननीयज्यूसँग प्रत्यक्ष भेट गरी नियमावलीका प्रावधान, तिनका सम्भावित प्रभाव, तथ्य, प्रमाण विस्तृत संशोधन सुझाव प्रस्तुत गर्न हामी इच्छुक तथा तयार छौं ।

विद्यार्थीको हित, निजी लगानीको संरक्षण, रोजगारीको निरन्तरता, राज्यको राजस्व, व्यवसाय गर्ने अधिकार तथा नेपालको अन्तर्राष्ट्रिय शिक्षा सेवाको दिगो विकासका लागि माननीयज्यूबाट सकारात्मक, प्रभावकारी र परिणाममुखी पहल हुने विश्वास व्यक्त गर्दछौं ।

धन्यवाद।

भवदीय,

| | | | | | | |
|---|---|---|---|---|---|---|
| राजेन्द्र बराल | लक्ष्मण पौडेल | उमेश कुस्वार | रमेश देवकोटा | अमित खडका | विष्णु खडका | किशोर तिवारी |
| अध्यक्ष | अध्यक्ष | अध्यक्ष | अध्यक्ष | का. वा.अध्यक्ष | अध्यक्ष | अध्यक्ष |
| नेपाल शैक्षिक परामर्श व्यवसायी महासंघ | इक्यान | फेकन | जाल्सान | एप्क्यान | केक्यान | एईक्यान |

| | | | | | |
|---|---|---|---|---|---|
| हिराज शर्मा | योगेश क्षेत्री | उद्धव खडका | भुपेन्द्र सिटौला | नारायण रेग्मी | सन्तोष खनाल |
| अध्यक्ष | अध्यक्ष | अध्यक्ष | अध्यक्ष | अध्यक्ष | अध्यक्ष |
| एरि | आइरिन | नायर | नेका | नेबा | नेक्सा |